# गैर आवासीय नेपाली संघरास्ट्रिय समन्वय परिषद फ्रान्सको निर्वाचन समिति २०१७ को सूचना २०१७

मिति: ला कुरनभ, १२/अगष्ट / २०१७

यस  संघको मिति २५/०७/२०१७ मा बसेको कार्यसमितिको बैठक र ७ अगस्ट २०१७ को आकस्मिक बैठकले निर्णयेगरि बनाएको निर्बाचन मितिको हैसियतले, संघको बिद्धामान बिधानहरु तथा नियमाबलीहरुको अधिनमा रहि संघले दिएको अधिकार प्रयोग गर्दै संघको आगामी कार्यकाल २०१७/२०१९ को नयाँ कार्यकारी परिषद्को निर्बाचन सम्बन्धि यो सार्बजनिक सूचना प्रकासन गरिएको  छ I

(१ ) सातौं महाधिबेसन तथा निर्बाचन हुने मिति र स्थान :

**आइतबार २७ अगस्त २०१७**
**14 Rue Georges Politzer, 93120 La Courneuve.**

(२) निर्बाचन हुने पदहरु,  पद संख्या र उमेदवारी शुल्क:

(क) अन्तरास्ट्रिय समन्वय परिषदमा प्रतिनिधि गर्ने सदस्य ----- १ पद , ५०० युरो I

(ख) रास्ट्रिय समन्वय परिषद  फ्रान्सको लागि अध्यक्ष ---------- १ पद , ५०० युरो I

(ग) राष्ट्रिय समन्वयपरिषद  उपाध्यक्ष ------------------------ २ पद,  ३००/३०० युरो I

(घ) महासचिब र कोषाध्यक्ष --------------------------------- १/१ पद, २५०/२५० युरो I

(ङ) सचिब र सहकोषाध्यक्ष  -------------------------------- १/१ पद, २००/२०० युरो।

(च) महिला र युबा प्रधिनिधि -------------------------------- १/१ पद, १५०/१५० युरो।

(छ) कार्यकारी सदस्य ------------------------------------- ४ पद, १००/१०० युरो।

(३) संघको बिधान अनुसार कुनै पनि पदमा उमेदबारी दिन चालुवर्षको संघको पञ्जिकृतसदस्य(Register Member) अनिरबार्य भएको हुनुपर्नेछ।  सदस्यता २७ जुलाई २०१७ सम्ममा लिएको वा नबिकरण गरेको हुनुपर्नेछ। अन्तररास्ट्रिय समन्वय परिसदको सदस्य पदमा र रास्ट्रिय समन्वय परिसदको अध्यक्ष पदमा उमेद्वारी दिन निजले घटीमा एक कार्यकाल संघको अन्टररास्ट्रिय वा रास्ट्रिय समन्वय परिसदमा काम गरिसकेको अनुभबी हुनु परछ।

(४) कुनैपनि पदमा उमेदबारिदीन योग्यता पुगेका इच्छुक उमेदवारले बिहिबार १७ अगस्त २०१७ सम्ममा निम्न ठेगानामा आफ्नो उमेदबारिपठाउन सक्ने छ। आबेदन पत्रको खाममा १७ अगस्त २०१७ वा सोभन्दा अघिको हुलाक छाप हुनु पर्नेछ।

(५) आबेदन पठाउने वा पत्राचार गर्ने ठेगाना :

Mr. Mukunda AMATYA
NRN FRANCE
ELECTION COMMITY

43-45 Rue Charles Delescluze
Bat. 2 C
93170 – Bagnolet

(६) उमेदवारी आबेदनपत्रको ढांचा संगको website www.nrnfrance.fr मा उपलब्ध छ। यो आबेदनपत्र भरेर वा यस्तै ढाँचामा आफैले हातले लेखेर आबेदन पठाउन सकिनेछ। आबेदनमा उमेदबारको नाम, थर, ठेगाना, सम्पर्क फोन नम्बर, मिति, उमेदबारीले दिएको पद र दस्तखत अनिबार्य हुनु पर्नेछ।

(७) आबेदन पत्रका साथ फ्रान्समा घटीमा २ बर्षभन्दा बढी समयदेखि बसोबास गर्दै आएको भन्ने प्रमाणित हुने , बसोबास गर्ने अनुमतिपत्र ( Titre de séjours वा carte de résidence ) वा फ्रान्सको रास्ट्रिय परिचयपत्र (Carte d'Identité Nationale) भएमा नेपाली मुलुकको (PNO = PEOPLE OF NEPALI ORIGINAL) व्यक्तिहो भन्ने देखिने प्रमाणपत्र वा येस्तै अन्य परिचयपत्रको प्रतिलिपिहरु अनिबार्य सम्लगन गरेको हुनुपर्छ। यसका साथै पद अनुसार तोकिएको उमेदवारी शुल्क NRNA-NCC FRANCE को नाममा आफ्नै वा परिबारको नामको चेक सम्लग्न हुनुपर्ने छ। उमेद्वारी शुल्क फिर्ता हुनेछैन। कुनै उमेदवारीले २ पदमा उमेदवारी दिएमा दुवैपदको उमेदवारी खारेज वा रद्द हुनेछ।

(८) मतदाता (पंजीकृतसदस्य) र उमेदबारहरुको नामावली प्रकासन मिति र स्थान:
सोमबार २१ अगत २०१७ संघको website www.nrnfrance.fr र नेपाली राजदुताबास पेरिस।

(९) मतदाता नामावली र उमेदबारहरुको नामावली माथि दाबी बिरोध समय:
मंगलबार २२ अगस्त २०१७, १८ बजे सम्म, यस निर्बाचन समितिको संयोजक समक्ष प्रमाणित र उचित कारण देखाइ लिखित दाबी बिरोध पत्र दिन सक्ने छ र बुधबार २३ अगस्त २०१७ १२ बजे दाबी बिरोध माथि छलफल हुनेछ।

(१०) उमेदवारी फिर्ता लिने समय:
बिहिबार २४ अगस्त २०१७, १७ बजे सम्म लिखित रुपमा निर्बाचन समितिमा पठाउने।

(११) मतदाता र उमेदबारहरुको अन्तिम नामावली प्रकासन :
शुक्रबार २५ अगस्त २०१७, १८ बजे सम्म संघको website www.nrnfrance.fr र २७ अगस्त २०१७ मा अधिबेसन हलमा।

(१२) अक्टोबर २०१७ मा काठमाडौँमा हुने अन्तररास्ट्रिय परिसदको महाअधिबसन निर्बाचन एबं बिस्वसमेलनमा भागलिन १० जना पञ्जिकृत सदस्य बराबर १ जना प्रतिनिधि छनौट हुने छ। पञ्जिकृतसदस्यको अन्तिम नामावली प्रकासन संख्याको आधारमा प्रतिनिधि (झन्डै ३५ - ३६ जना ) संख्या निर्धारण हुनेछ। काठमाडौँमा हुने उक्त कार्येक्रममा प्रतिनिधिभई भागलिन जाने इच्छुक उमेदबारले येही अधिबेसन स्थलमा लिखित आबेदान दिनुहुनेछ। तोकिएको प्रतिनिधि संख्या भन्दा बढी संख्यामा उमेदवारी परेमा गोप्य मतदानबाट प्रतिनिधिको निर्बचन हुनेछ। प्रतिनिधि उमेदबारको आबेदन नआएमा वा घटी संख्या भएमा बाँकी संख्या प्रतिनिधिको छनौट नयाँ कार्येसमितीले गर्नेछ।

(१३) निर्बाचन प्रक्रिया:
चलनचल्तीको गोप्य मतदान हुनेछ। कुनै पदमा पद संख्या भन्दा बढी संख्यामा उमेदवारी नआएमा मतदान हुने छैन र सो पदमा निर्बिरोध निर्बाचन भएको मानिनेछ। कुनैपनि पदमा वा पदहरुमा निर्बाचन मतदान भएमा धेरै मत प्राप्त गर्ने उमेदवार वा उमेदबारहरुलाई बिजयी मानिने छ।

(१४) निर्बाचनको परिणामको जानकारी महाअधिबेसन स्थलमा, संगको website: www.nenfrance.fr र आबश्यक परेमा चलन चल्तीका संचारका माध्यमहरुबाट  गराइनेछ।

(१५) मतदानगर्दा मतदाताहरुले अनिबार्यरुपमा आफ्नो परिचयपत्र देखाउनु पर्ने छ।  प्रकासित नामाबलिसंग परिचयपत्र नमिलेकोलाई मतदान गर्न दिइने  छैन।

(१६) संघको विधानले प्रदत्त गरेको मतदान प्रत्यायोजन अधिकारलाई  (procuration) मान्यता दिइनेछ।  एक पंजीकृत सदस्यले संघको अर्को पंजीकृत सदस्यलाई मात्र आफ्नो परिचय पत्रको प्रतिलिपि सम्लग्न गरि लिखित अधिकार प्रत्यायोजना दिनु पर्ने छ। एक सदस्यले एउटा भन्दा धैरे अधिकार प्रत्यायोजन ग्रहण गर्न सक्नेछैन।

(१७) महाअधिबेसन तथा निर्बाचनस्थलमा कुनैपनि उमेदबारले वा निजका सहयोगीले निर्बाचनको प्रचार प्रसार पम्प्लेतिंग वा भाषण-मन्तब्य गर्न पाउनेछैन।

(१८) निर्बाचनमा मतदान कार्यपछि मतगणना हुनेछ र निर्बाचन समितिको संयोजकले निर्बाचनको परिणाम घोसणा गर्ने छ। परिणामको घोसणा पछि निर्बाचन समितिका संयोजकले बिजयी अध्यक्षलाई पदको सपथग्रहण गराई पदभार सुम्पिने छ।  नबनिर्बाचित अध्यक्षले बिजयी अन्यपदाधिकारी वा  सदस्यहरु सामुहिक सपथग्रहण गराउने छ।  अन्तररास्ट्रिय समन्वय परिसदमा प्रधिनिधि गर्ने सदस्यको हकमा काठमाडौँमा हुने बिस्वमहाअधिबसन निर्बाचनको सिलसिलामा काठमाडौँमा सपथग्रहण हुनेछ र पदभार ग्रहण गर्नेछ।

(१९) निर्बाचन सम्बन्धि सम्पूर्ण अन्तिम निर्णय गर्ने अधिकार निर्बाचन समितिलाई हुनेछ।

(२०) मुकुन्द अमात्य संयोजक, थम्मन टन्डन  र अनिता गुरुङ सदस्य रहनु भएको छ।
महाअधिबेसन तथा निर्बाचनमा अन्तररास्ट्रिय समन्वय परिषदको घटीमा एकजना प्रतिनिधि पर्यवेक्षकको रुपमा उपस्थित हुनेछ।

(२१) यो निर्बाचन सम्बन्धि  सुचना, दस्ताबेज आदि गोप्य राख्नुपरने समय र बिषयमा सार्बजनिक गर्न वा कसैलाई  जानकारी दिन निर्बाचन समिति वाध्यहुने छैन।

(२२) निर्बाचन सम्बन्धमा थप वा  अन्यजानकारी चाहिएमा समितिका संयोजक वा सदस्यहरु संग सम्पर्क राख्नसकिनेछ।
NRNA जस्तो पबित्र र गरिमामय  विश्वसंघको फ्रान्सको निर्बाचन निष्पक्ष, बैधानिक र उत्साहबर्धक बताबरणमा सम्पन्नगर्न  निर्बाचन समिति प्रतिबध्दता जाहेर गर्दछ। साथै यसकालागि निर्बाचन समितिलाई सहयोग गर्नुहुन सबै सरोकार बर्गसंग हार्दिक अनुरोध पनि छ।

संयोजक: मुकुन्द अमात्य (06 99 40 90 84)

सदस्य: थम्मन टन्डन (07 83 84 03 94)  सदस्य: अनिता गुरुङ (06 31 46 62 44)

**निर्बाचन समिति २०१७**

**NRNFRANCE**